# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या ०४, मकवानपुर, असार ३० गते, २०७७ साल


## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ४७

# कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७

प्रस्तावनाः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई जोखिमयुक्त युक्त कार्यमा खटाए वापत जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यलाई व्यवस्थित गर्ने वनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी राक्सिराङ्ग गाउँ कार्यपालिकाले यो आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश राक्सिराङ्ग गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "कोभिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ग) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने पदाधिकारी र जनशक्तिलाई यस आदेश बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रणको लागि सञ्चालित हेल्प डेस्क, क्वारेन्टाइन लगायतका गतिविधिहरुमा प्रत्यक्ष वा परोक्ष खटिने, अनुगमन तथा मूल्यांकनमा खटिने देहायका पदाधिकारी सम्झनुपर्दछ :

१) गाउँपालिका अध्यक्ष

२) गाउँपालिका उपाध्यक्ष

३) वडाध्यक्ष तथा सदस्यहरु।

(ङ) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमको जनशक्ति सम्झनु पर्छ -

१. चिकित्सक
२. नर्स तथा विद्यालय नर्स
३. पारामेडिक्स
४. प्रयोगशालाकर्मी
५. इमेजिङ सेवा प्रदायक,
६. एम्बुलेन्स चालक तथा सहायक,
७. इलेक्ट्रिसियन तथा प्लम्बर,

८. सुरक्षाकर्मी

९. सरसफाइमा संलग्न कर्मचारी,कार्यालय सहयोगीहरु

१०. प्रशासनिक तथा अन्य कर्मचारी र सहयोगी कर्मचारी

११. सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी प्रमाणित गरेको कर्मचारी ।

३. जोखिम भत्ता प्राप्त गर्न सक्ने: कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका पदाधिकारी वा जनशक्तिलाई देहाय बमोजिम जोखिम भत्ता प्राप्त गर्न सक्नेछन् ।

(क) देहाय बमोजिमका हेल्थ डेस्कमा कार्यरत जनशक्ति:

(१) स्थलगत नाकामा खडा गरिएको हेल्थ डेस्कमा खटिएका,

(२) गाउँपालिकाले आवश्यक ठानी ठानी विभिन्न स्थानमा खडा गरिएको हेल्थ डेस्कमा खटिएका ।

(ख) देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्ति:

(१) नेपाल सरकारले विदेशबाट उद्धार गरी ल्याएका व्यक्तिहरुको हेरचाह तथा

निगरानीका लागि गाउँपालिकाबाट खडा गरिएका क्वारेन्टाइनमा खटिएका,

(२) कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदेशी नागरिकलाई राख्नका लागि नेपाल सरकार, स्थानीय तह वा अन्य कुनै निकायबाट खड गरिएका क्वारेन्टाइनमा खटिएका,

(ग) देहाय बमोजिमका उपचारमा संलग्न जनशक्तिः

(१) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्क्रिनिङ) र सो कार्यमा सहयोग पुऱ्याउने तथा फिबर (ज्वोरो) क्लिनिकमा खटिएका जनशक्ति,

(२) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति,

(घ) देहाय बमोजिमका प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिः

(१) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(ङ) स्वास्थ्य शाखामा कामकाज गर्न तोकिएको जनशक्ति,

(च) खण्ड (क), (ख), (ग),(घ) र (ङ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष रुपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति ।

(छ) कोभिड -१९ क बिरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्टयाक्ट टेसीङ्ग) मा खटिएका स्वास्थ्यकर्मी,

(ज) स्वास्थ्य चौकी , आधारभूत स्वास्थ्य सेवा केन्द्र , सामुदायिक स्वास्थ्य इकाई तथा वार्थिंग सेन्टरमा कार्यरत कर्मचारी

(झ) यस दफामा उल्लेखित जनशक्ति बाहेक नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा खण्ड (क), (ख), (ग),(घ), (ङ) (च) (ज) र (छ) मा उल्लेखित जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति,

(ञ) यस आदेश बमोजिमको कार्यको अनुगमन, मुल्यांकन तथा व्यवस्थापनमा संलग्न पदाधिकारीहरु जनशक्ति।

४. <u>विवरण तथा कागजात संलग्न गर्नुपर्ने :</u> (१) जोखिम भत्ता प्राप्त गर्नका लागि पूष्टयाई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरि दफा ६ बमोजिमको निकाय समक्ष पेश गर्नु पर्नेछ :-

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

(ख) क्वारेन्टाइनको हकमा सम्भावित संक्रमित व्यक्ति क्वारेन्टाइनमा बसेको बिषय पुष्टयाई गर्ने विवरण।

(ग) फिबर (ज्वोरो) क्लिनिकको हकमा फिबर क्लिनिक संचालन गरेको प्रमाण तथा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण ।

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परिक्षण गरेका, आइसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका बिरामीको विवरण ।

(ङ) इमर्जिङ्ग सेवा प्रदायकको हकमा कोभिड-१९ को शंकास्पदतथा पुष्टि भएका बिरामीलाई ईमर्जिंग सेवा प्रदान गरेको विवरण ।

(च) प्रयोगशाला परिक्षणमा संलग्न जनशक्तिको हकमा नमुना संकलन गरिएका तथा प्रयोगशाला परिक्षण गरिएका व्यक्तिको विवरण ।

५. <u>रकम उपलब्ध गराउने :</u> कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखम भत्ता बापतको रकम गाउँपालिकाले उपलब्ध गराउनेछ ।

६. <u>जोखिम भत्ता व्यवस्थापन :</u>

(१) गाउँपालिकाले खटाएका पदाधिकारी तथा जनशक्तिहरुलाई गाउँपालिकाले नै जोखिम भत्ता उपलव्ध गराउने छ ।

७. जोखिम भत्ता : देहाएको जनशक्तिलाई देहाए बमोजिम जोखिम भत्ता उपलब्ध गराउनेछ :-

(क) संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलको सत प्रतिशत,

(ख) संक्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा अप्रत्यक्ष संलग्न र इमेजिङ सेवा प्रदायक जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलको पचहत्तर प्रतिशत,

(ग) कोभिड-१९ को परीक्षण गर्ने प्रयोगशालामा कार्यरत जनशक्तिमध्ये प्रत्यक्ष रुपमा परीक्षण तथा प्रमाणीकरणमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको सुरु तलब स्केलको शत प्रतिशत,

(घ) कोभिड २०१९ को संक्रमणकालीन अवस्थामा गाउँपालिका द्वारा संचालित क्वारेन्टाइनमा कार्यरत जनशक्तिहरुलाई सुरु तलवको पचहत्तर प्रतिशत |

(ङ) कोभिड २०१९ को नियन्त्रण तथा रोकथामको लागी संचालित हेल्पडेस्क तथा क्वारेन्टाइनहरुको व्यवस्थापन लगयतका गतिविधिको प्रत्यक्ष रुपमा खटिई अनुगमन तथा व्यवस्थापनगर्ने पदाधिकारी तथा कर्मचारीहरु लाई सुरु स्केलको पचास प्रतिशत

(च) कोभिड २०१९ को संक्रमणकालीन अवस्थामा स्वास्थ्य चौकी ,आधारभूत स्वास्थ्य सेवा केन्द्र सामुदायिक स्वास्थ्य इकाई र वार्थिंग सेन्टरमा कार्यरत पारामेडिक्स तथा कार्यालय सहयोगी कर्मचारीहरुलाई सुरु स्केलको पच्चिस प्रतिशत

(छ) हेल्प डेस्क तथा क्वारेन्टाइनमा खटिने सुरक्षाकर्मीहरुलाई सुरुको तलवको ४० प्रतिशत

(ज) खण्ड (क), (ख), (ग), र (घ) को कार्यमा सहयोग पुर्याउने कार्यमा संलग्न र दफा ३ को खण्ड (ङ), (च), (छ), (ज) (झ) र (ञ) बमोजिम तोकिएको जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलको पचास प्रतिशत ।

८. <u>अनुगमन गर्ने:</u> जोखिम भत्ता लागु भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

९. जोखिम भत्ता अवधि: (१) देहायका जनशक्तिलाई देहाएको अवधिदेखि लागु हुने गरी जोखिम भत्ता उपलब्ध गराइनेछ:

(क) कोभिड-१९ को महामारी सुरु भइसकेपछि स्थापना भएका हेल्थ डेस्कको हकमा उक्त हेल्थ डेस्कहरु सञ्चालनमा आएको मितिदेखि,

(ख) कोभिड-१९ को महामारी सुरु भइसकेपछि स्थापना भएका क्वारेन्टाइनको हकमा उक्त हेल्थ क्वारेन्टाइनहरु सञ्चालनमा आएको मितिदेखि,

(ग) खण्ड (क) र (ख) मा उल्लेख भए देखि बाहेक अन्यको हकमा २०७६ साल चैत्र ११ गते देखि ।

(२) उपदफा (१) बमोजिमको जोखिम भत्ता नेपाल सरकारले कोभिड -१९ नियन्त्रण भईसकेको निर्णय गरेको अवधिसम्म कायम रहनेछ ।

१०. शंसोधन गर्ने अधिकार :- यस आदेशमा आवश्यक्तानुसार शंसोधन गर्ने गाउँ कार्यपालिकाले गर्नेछ ।

११. वाधा अड्काउ फुकाउने अधिकार :- यस आदेशको कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

**आज्ञाले**

**युवराज आचार्य**

**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**